का.जि.प्र.का.द.नं. १००/०५९/६०
१७ चैत २०७९,
शुक्रबार
31 March 2023,
Friday
मूल्य रु. ५/-

**मध्याह्न**
राष्ट्रिय दैनिक
ईपेपर हेर्न

वर्ष २१, अंक ६५ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

# जनादेश नबुझेका प्रधानमन्त्री

गठबन्धन बदलेको एक महिनापछि सरकारको न्यूनतम साझा कार्यक्रम सार्वजनिक भएपनि अझै मन्त्रिपरिषद् विस्तार हुन सकेको छैन । सरकारको सय दिन पुग्दासमेत मन्त्रिपरिषद् अधुरै हुने अवस्थाको चर्को आलोचना भएपनि प्रधानमन्त्री प्रचण्डमा भने कुनै हतार देखिँदैन ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १६ चैत ।

बिहीबार पनि मन्त्रिपरिषद् विस्तार हुन सकेन । बुधबार साँझ नै मन्त्रालय संख्या भागबण्डामा सहमति जुटेको भएपनि बिहीबार मन्त्रिपरिषद् विस्तार भएन । कुन दलले कुन मन्त्रालय लिने भन्नेमा सहमति जुट्न नसक्दा मन्त्रिपरिषद् विस्तारको समय धकेलिएको हो ।

बिहीबार मन्त्रिपरिषद् विस्तार हुन नसक्ने अवस्था आउनुमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले चितवन भ्रमण समेत कारण बन्यो । बुधबार सत्तारुढ गठबन्धनको बैठक राखेका प्रधानमन्त्री प्रचण्ड बिहीबार चितवन पुगेका थिए । चितवनबाट फर्किएर गरेको गृहकार्यले नपुग्दा मन्त्रिपरिषद् विस्तार थप एक दिन ढिलाइ हुन पुगेको छ ।

तर आज दिउँसो भने मन्त्रिपरिषद् विस्तार हुने प्रधानमन्त्रीको सचिवालयले जनाएको छ । बुधबार जुटेको सहमति अनुसार, नेपाली कांग्रेसले ८, नेकपा माओवादी केन्द्रले ५, जनता समाजवादी पार्टी (जसपा) ले २ र नेकपा एकीकृत समाजवादीले २ मन्त्रालय लिनेछन् । बाँकी दलहरु लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा), जनमत पार्टी, नेपाल समाजवादी पार्टी, नागरिक उन्मुक्ति पार्टीले एक/एक मन्त्रालय पाउनेछन् । स्वतन्त्र जितेका मध्ये प्रभु साहले पनि एक मन्त्रालय पाउनेछन् ।

तर मन्त्रालय संख्या टुंगिएपनि कुन मन्त्रालय लिने भन्नेमा सत्तारुढबीच सहमति जुट्न सकेको छैन । प्रधानमन्त्री प्रचण्डले चितवन पुगेर एक/दुई वटा मन्त्रालयमा कुरा मिल्न नसकेको बताएका थिए । बुधबारै मन्त्रिपरिषद् विस्तार हुने पनि बताएका थिए । तर फेरि कुरा मिल्न बाँकी भनेर मन्त्रिपरिषद् विस्तार रोकिएको छ ।


*प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड बिहीबार भरतपुर विमानस्थलमा निर्माण हुने नयाँ टर्मिनल भवन शिलान्यास गर्दै ।*

*तस्बिर: प्रदीपराज वन्त/रासस*

जबकी अहिले प्रधानमन्त्री मुख्य प्राथमिकता मन्त्रिपरिषद् विस्तार हुनुपर्ने हो । किनकि ६ महिना भन्दा बढी समयदेखि सरकार तदर्थ रुपमा चलिरहेको छ । गत मंसिरमा चुनाव हुने भएपछि तत्कालीन शेरबहादुर देउवा नेतृत्वको सरकार तदर्थमा बदलिएको थियो । चुनाव पछि गत १० पुसमा प्रचण्ड नेतृत्वमा सरकार बन्यो । तर लगत्तै गठबन्धन बदल्ने प्रचण्डको निर्णय पछि फेरि तदर्थ सरकारमै परिणत हुन पुग्यो ।

२२ माघमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), १४ फागुनमा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) र १५ फागुनमा नेकपा एमालेले सरकार छोडेको थियो । यी तीन पार्टीले सरकार छोडेपछि प्रधानमन्त्री प्रचण्डले नै १६ मन्त्रालयको नेतृत्व गरिरहेका छन् । अहिले माओवादीका पाँच र जनमत पार्टीका एक मन्त्री मात्रै सरकारमा छन् । गृह, परराष्ट्र, रक्षा, अर्थ जस्तो महत्वपूर्ण मन्त्रालय नै विभागीय नेतृत्व विहीन छ । प्रचण्डले मौज्दात मन्त्रीहरुलाई समेत उक्त मन्त्रालयको विभागीय जिम्मेवारी दिएका छैनन् ।

क्रमशः निर्णय गर्दै जाने भन्ने नीति लिएका प्रचण्डले राष्ट्रपति र उपराष्ट्रपतिको चुनाव, प्रधानमन्त्रीको दोस्रोपटक विश्वासको मत लिने कार्यक्रम अनि सरकारको न्यूनतम साझा दस्तावेज बनाउन भनेर एक महिना बिताएका छन् । साझा कार्यक्रम सार्वजनिक गर्न पनि एक महिना खर्चिएका छन् । गत १४ फागुनमा कांग्रेस उपसभापति पूर्णबहादुर खड्का नेतृत्वमा गठित कार्यदलले बिहीबार मात्रै न्यूनतम कार्यक्रम »» पृष्ठ २ मा

सरकारको नीति तथा कार्यक्रम

## संविधान कार्यान्वयनमा जोड

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, १६ चैत ।

सत्तारुढ दलहरुले सरकारको नीति तथा कार्यक्रम टुंगो लगाएका छन् ।

नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, जनता समाजवादी पार्टी, नेकपा एकीकृत समाजवादी, जनमत पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी, नागरिक उन्मुक्ति पार्टी, राष्ट्रिय जनमोर्चा, नेपाल समाजवादी पार्टी र आम जनता पार्टी गरी १० दलले सरकारको प्राथमिकताको काम उल्लेख गरेर नीति तथा कार्यक्रम तय गरेका हुन् । जसलाई औपचारिक रुपमा सार्वजनिक गर्न भने बाँकी छ ।

प्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वको संयुक्त सरकारको तय भएको प्राथमिकता र साझा न्यूनतम कार्यक्रममा संविधानको रक्षा, आवश्यकता अनुसार परिमार्जन/विकास, गणतन्त्र सुदृढीकरण, संघीयता कार्यान्वयन, अर्थतन्त्र सुदृढ गर्न नीतिगत, संरचनागत तथा कार्यगत सुधार गर्ने लगायत विषयलाई प्राथमिकता दिइएको छ ।

> संघीयता कार्यान्वयनका लागि तीन तहबीचको सरकारको क्षेत्राधिकार र अन्तरसम्बन्धलाई सहकारिता, सहअस्तित्व र समन्वयको आधारमा सञ्चालन गर्ने उल्लेख छ ।

गुणस्तरीय सेवा प्रवाह, सुशासन र सदाचारको प्रत्याभूति हुने गरी शासकीय सुधार गर्ने, भ्रष्टाचारको छानबिन र कारबाहीका लागि अग्रसरता लिने, विस्तृत शान्ति सम्झौताका बाँकी कार्यभार तथा विभिन्न पक्षसँग भएका सहमतिहरु कार्यान्वयन गर्ने, उत्पादनमुखी अर्थतन्त्र, आपूर्ति व्यवस्थामा सुधार तथा समन्यायिक वितरणको व्यवस्था गर्ने विषय समेटिएका छन् ।

अर्थात, सरकारका नीति तथा कार्यक्रममा संघीयता कार्यान्वयनमा र यस प्रणालीमाथि उठेका प्रश्नको जवाफ खोज्ने गरी तय भएको छ । सरकारका नीति तथा कार्यक्रममा संघीयता संरचनालाई प्रभावकारी रूपमा सञ्चालन गर्नका लागि विभिन्न आयोग बनाउने भनिएको छ । 'बोझिलो केन्द्रीकृत संरचनालाई रूपान्तरण गर्न र संघीय संरचनालाई चुस्त, दुरुस्त र मितव्ययी बनाउन अधिकारसम्पन्न उच्चस्तरीय प्रशासनिक पुनर्संरचना आयोग बनाउने' नीति तथा कार्यक्रममा उल्लेख छ ।

संघीय व्यवस्थाको आधारभूत मान्यताअनुरूप निजामती लगायत सबै सरकारी सेवा एवं सुरक्षा निकायको पुनसंरचनाको कामलाई पूर्णता दिने भनिएको छ । संघीयता कार्यान्वयनका लागि तीन तहबीचको सरकारको क्षेत्राधिकार र अन्तरसम्बन्धलाई सहकारिता, सहअस्तित्व र समन्वयको आधारमा सञ्चालन गर्ने उल्लेख छ । प्रदेश र स्थानीय तहलाई सबल र अधिकारसम्पन्न बनाउन आवश्यक कार्य गर्ने, संविधानबमोजिम प्रदेशलाई हस्तान्तरण गर्न बाँकी रहेका विभिन्न मन्त्रालयमातहतका निकायहरू हस्तान्तरण गर्ने, प्रदेश तथा स्थानीय तहका लागि आवश्यक कर्मचारीहरू संविधानबमोजिम व्यवस्थापनका लागि सहजीकरण गर्ने लगायतका विषय पनि समावेश छ ।

संघ, प्रदेश र स्थानीय तहबीच सन्तुलित र न्यायोचित रूपमा राजस्व तथा स्रोत साधनहरू बाँडफाँट गर्ने, राज्यका तर्फबाट प्रदान गरिने सेवा सुविधाहरू जनतानिकट पुऱ्याउन प्रदेश तथा स्थानीय तहलाई वित्तीय, प्रशासनिक तथा संगठनात्मक रूपमा सक्षम बनाउने भनिएको छ ।

राज्यका तर्फका प्रदान गरिने सेवाहरूलाई जनता समक्ष पुऱ्याउन स्थानीत तहलाई वित्तीय, प्रशासनिक तथा संगठनात्मक रूपमा सक्षम बनाउने कुरा पनि नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ । संघीयताको कार्यान्वयनलाई आवश्यक पर्ने कानुन निर्माणमा पनि जोड दिने नीति तथा कार्यक्रममा उल्लेख छ । 'संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न संघीय निजामती सेवा ऐन, नागरिकता ऐन, शिक्षा सेवा ऐन, स्वास्थ्य सेवा ऐनलगायत अति आवश्यक ऐनहरूलाई यथाशीघ्र संसद्बाट पारित गराउने, संविधानको अनुसूचीमा उल्लेखित क्षेत्राधिकारहरूसँग सम्बन्धित संघबाट बन्न बाँकी ऐन, कानुनहरू प्राथमिकताका साथ निर्माण गर्ने उल्लेख गरिएको छ । नीति तथा »» पृष्ठ २ मा

# गुमनाम पूर्वकमाण्डरहरु

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, १६ चैत ।





नेकपा माओवादीमा रहँदा प्रभावशाली नेताका रुपमा रहेका रामबहादुर थापा बादल, टोपबहादुर रायमाझी र मणि थापा लगायतका नेताहरु चर्चामै आउन छाडेका छन् । माओवादीबाट पटक पटक सांसद मन्त्री समेत बनिसकेका उनीहरु एमालेमै बसेसँगै चर्चामा आउनै छाडेका हुन् ।

माओवादी छोडेर राष्ट्रियसभा सदस्य समेत गुमाएका बादल एमालेको १०औं महाधिवेशनबाट उपाध्यक्ष त चयन भए तर उनको चर्चा भने शून्य नै भएको छ । गत मंसिरमा भएको संघीय निर्वाचनमा काठमाडौं-१० बाट टिकट अस्वीकार गरेका बादलले आफ्नी श्रीमतीलाई समानुपातिक सांसद बनाएको आलोचना भने खेप्नु परेको थियो । तर, अहिले भने उनी एमालेको मिसन ग्रासरुट अभियान चलिरहँदा समेत चर्चामा आएका छैनन् ।

'अध्यक्ष ओली पूर्वमाओवादी निकट नेतालाई नेतृत्व दिन चाहेका छैनन्, तसर्थ पनि पूर्वमाओवादी नेताहरु भूमिकाविहीन बनेका हुन्' ओली निकट एक नेताले भने । उनले माओवादीका नेताहरुको उपयोगिता सकिएकाले भूमिकाविहीन बस्नुपरेको प्रष्ट बनाएका छन् । बादल मात्रै होईन, माओवादीमा रहँदा चर्चामा आईरहने टोपबहादुर रायमाझी पनि यतिबेला गुमनामकै अवस्थामा छन् । एमालेको १० औं महाधिवेनबाट सचिवमा चयन भएपनि उनको भूमिका भने यतिबेला शून्य छ । यतिसम्म कि ओलीले पूर्वमाओवादीका नेताहरुको खोजी समेत गर्न छाडेको नेताहरु बताउँछन् । यद्यपि, ओलीले भीम रावललाई साईड लगाउन सुदुरपश्चिमको इन्चार्जमा पूर्वमाओवादी नेता लेखराज भट्टलाई चयन गरेको थिए । तर, स्थायी कमिटी सदस्य रहेका मणि थापा र टोप बहादुर रायमाझी भने अहिले भूमिकाविहीन बनेर बस्न बाध्य भएका छन् । माओवादी छाडेर एमालेमा बसेका प्रभु शाह यतिबेला नयाँ दल खोलेर अघि बढिरहेका छन् । स्वतन्त्र रुपले अघि बढेका उनको यतिबेला भने चर्चा बढिरहेको छ ।

'पूर्वमाओवादी नेताहरू त एमालेमा काम नै नलाग्ने भए । जसले गर्दा हाम्रो संरक्षण गर्ने पनि कोही नहुने भयो, हामी असन्तुष्टि सहित एमालेमै छौं' बादलनिकट »» पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## म्यानपावर र बैंकहरूलाई कोषमा आवद्ध हुन विभागको आग्रह

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ चैत

वैदेशिक रोजगार विभागले म्यानपावर कम्पनीदेखि विभागको रकम परिचालन गर्ने बैंकहरूलाई आफ्ना कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आवद्ध हुन आग्रह गरेको छ । विभागका निर्देशक तथा सूचना अधिकारी कृष्णप्रसाद भुसालले बिहीबार सूचना जारी गर्दै उक्त आग्रह गरेका हुन् ।

सूचनामा विभागले सामाजिक सुरक्षा कोषमा विभिन्न क्षेत्रमा कार्यरत श्रमिक आवद्ध भइरहेको सन्दर्भ उल्लेख गर्दै वैदेशिक रोजगार चक्रमा संलग्न हुने इजाजतपत्रवाला संस्था, स्वास्थ्य परीक्षण गर्ने संस्था, बीमा कम्पनी, सामाजिक सुरक्षा कोष एवं वैदेशिक रोजगार कोषको रकम परिचालन गरिएका बैंकहरू सामाजिक सुरक्षा कोषमा आवद्ध हुनुपर्ने बताएको छ ।

विभागले चैत ९ गते सामाजिक सुरक्षा कोषमा आवद्ध हुनुपर्ने निर्णय गरिएको भन्दै विभागमा दर्ता भई सक्रिय रहेका संस्थाहरुलाई »» पृष्ठ २ मा

### जोशीको 'श्रमाटन' अंग्रेजी भाषामा बजारमा

**काठमाडौं/रासस–** निराला पब्लिकेसन्सले नेपाली लेखक बीएन जोशीको 'श्रमाटन: नेपाली आप्रवासी कामदारको सम्झना' कृति अंग्रेजी भाषामा बजारमा ल्याएको छ । यसमा नेपालीले गर्ने वैदेशिक श्रमको कष्टकर र दु:खपूर्ण संसारको यात्राबारे विवरण प्रस्तुत गरिएको छ ।

साहित्यकार अरुण बुढाथोकीद्वारा अनूदित कृति मूल लेखक जोशीको स्मरण पनि हो । त्रिभुवन विश्वविद्यालयमा »» पृष्ठ २ मा

## आजदेखि एसईई परीक्षा



**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, १६ चैत ।

माध्यमिक शिक्षा परीक्षा (एसईई) आज (बिहीबार)देखि सुरु हुँदै छ । परीक्षा नियन्त्रण कार्यालय, सानोठिमीले परिक्षाको सबै तयारी पुरा भएको र बिहान ८ बजेदेखि परिक्षा सञ्चालन हुने जनाएको छ ।

राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष महाश्रम शर्माका अनुसार ७७ वटै जिल्लामा परीक्षा हुनेछ । उनले सबै परीक्षा केन्द्रका लागि केन्द्राध्यक्ष नियुक्ती, सुरक्षा व्यबस्था, जनशक्ति परिचालन लगायतका सबै काम »» पृष्ठ २ मा

VACANCY

A fair and responsible foreign recruitment organization having 18 years of expertise is requesting interested candidates to submit their application for the following positions:

1. International Marketing/ Corresponding Officer / Executive - 2 Nos
2. HR/Compliance Officer / Executive - 2 Nos

FOR BOTH POSITIONS:
- With Bachelor Degree, having knowledge of basic computer skills
- Experienced in recruitment industry will be preferred
- Able to start immediately

**We do fair and transparent screening . Candidates who are eligible with the above qualities can drop their CV at:**
contacts@aakarshannepal.org **or** milan@aakarshannepal.org
Latest by 03/04/2023

*We practice equal opportunity to all applicants.*

Aakarshan International Pvt. Ltd.
**Recruiting Licence No. 609/062/063**
**Aakarshan Building, Shambu Marga**
**(Near Airport), Kathmandu, Nepal**
**Email: contacts@aakarshannepal.org**
**milan@aakarshannepal.org**

# सीमा मिचिँदा पनि सरकार मौनः अध्यक्ष ओली

काठमाडौं/मस-नेकपा (एमाले) का अध्यक्ष तथा पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीले अहिले देश निकै जटिल अवस्थामा रहेको टिप्पणी गरेका छन् । वर्तमान सरकारले देश र जनताको हितभन्दापनि आफ्नो व्यक्तिगत हितको लागि काम गरेको उनको आरोप छ ।

रिपोर्टर्स क्लब नेपालले आफ्नो स्थापनाको २५औं वार्षिकोत्सव (रजत महोत्सव) को पूर्वसन्ध्यामा आयोजना गरेको विशेष साक्षात्कारमा बोल्दै ओलीले भने-'सरकार परिवर्तन भयो, तर प्रधानमन्त्री उही छ । सरकारको नेतृत्व उही छ। नीति र विचार परिवर्तन भयो । व्यक्ति उही छ ।'




पूर्व प्रधानमन्त्री ओलीले अहिले मुलुकको सार्वभौमसत्ता कमजोर बनेको टिप्पणी गरे। ओलीले सरकारले कमसेकम देशको जमिन कहाँ-कहाँ मिचिएको छ, या छैन् ? भन्ने कुरा भन्न सक्नुपर्ने औंल्याए। ओलीले देशको आर्थिक अवस्था पनि खस्कँदो रहेको टिप्पणी गरे। उनले सत्ता गठबन्धनको औचित्यमाथि पनि प्रश्न उठाए । उनले भने,'यस्तो अवस्थामा नितान्त अवसरको फाइदा लिएर । अब एक ढंगले भन्ने हो भने हाड र छालामात्रै बाँकी रहेको देशबाट, त्यसबाट पनि सिरिन्च घुसारेर लामखुट्टेले जस्तो रगत निकाल्न खोजिएको छ । जसले देशलाई अझ आरोलो लग्छ । यस्तो अवस्थामा सञ्चार क्षेत्रको अझ महत्व छ। जनतालाई सही सूचना दिनुपर्छ । यी काम गर्नुपर्छ । सञ्चारमाध्यमलाई देशको हितको पक्षमा प्रयोग गर्न सक्नुपर्छ । आफ्ना संकिर्ण स्वार्थलाई महत्व दिएर देश र जनताको हितलाई गौण बनाइयो भने सञ्चारमाध्यमको भूमिका सकारात्मक भन्न सकिँदैन् । मिडियाले देश र जनताको हितमा आफ्नो भूमिका खेल्नुपर्छ ।'

ओलीले जनयुद्धलाई हिंसाको संज्ञा दिए । अध्यक्ष ओलीले संक्रमणकालिन न्यायसम्बन्धी विद्येयक जुन किसिमले अघि बढाईएको छ त्यसले पीडितलाई अझै पीडा दिने काम गरेको टिप्पणी गरे।

उनले छिमेक सम्बन्धदेखि आर्थिक क्षेत्रका प्रश्नको विषयमा सञ्चार जगतले सही भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिए । उनले मुलुक बनाउने विषयमा सञ्चारमाध्यमको योगदान रहने कुरामा आफूले विश्वास लिएको सुनाए । उनले भने-'हाम्रा युवामा कुनै अलमल रहनेछैन् । युवा सचेत छन् । देशको स्थिति बुझ्ने र बदल्ने कुरामा युवामा सचेतना छ । हामी भविष्यको आउने पुस्तालाई सुन्दर, विकसित, सुविधासम्पन्न नेपाल सुम्पिन्छौं। यस दिशामा हाम्रा प्रयास लगातार छ। यो अभियान सबैले बढाउनुपर्छ । लोकतन्त्र भनेको हाम्रो अधिकार हो ।'

उनले नेपालको भूमि खुम्चिएकोबारे पनि प्रश्न उठाए । उनले भने,'हाम्रो भूमि खुम्चिएको छ । कानमा यसो साउती गर्ने विषय हो र ? यो सार्वजनिक रूमा नेपाली जनतालाई जानकारी गराउने विषय होईन र ? मित्रहरुबाट गल्ती भयो भन्दापनि खुलेआम भन्नुपर्‍यो नि । त्यसकारण यो त हेर्नु नै छ । उहाँको भ्रमण त हेर्ननै छ । तर, के बुझ्नुपर्छ भने क्षणिक कुराले स्थायित्व प्राप्त गर्न सकिँदैन् । नाटक त मञ्चमा एकदेखि डेढ घण्टा हुन्छ। अब पोलिटकल नाटक मञ्चन नगरेपनि हुन्छ ।' उनले आफूले ०५२ सालदेखि जनयुद्धको विरोध गरेको सुनाए । उनले मिटर ब्याज पीडितको समस्या समाधान गर्न सरकारले अविलम्ब कदम चाल्नुपर्नेमा जोड दिए ।

# मोविल छ्याप्नेलाई कडा कारबाही गर्न मेयर श्रेष्ठको माग

**राजेन्द्र महतो/मध्यान्ह**
सिरहा, १६ चैत

सिरहाको गोलबजार नगरपालिकाका मेयर श्यामकुमार श्रेष्ठले आफूमाथि मोविल छ्याप्ने कार्यमा संलग्नहरुलाई कडा कारबाहीको माग गरेका छन् । मेयर श्रेष्ठले बुधबार पत्रकार सम्मेलन गरी आफूमाथि विभिन्न आरोप लगाउँदै मोविल छ्याप्ने समूहलाई तत्काल पक्राउ गरी कडा कारबाही गर्न माग गरेका हुन् । उनले तत्काल घटनाका दोषीहरुलाई पक्राउ गरी प्रहरीले कारबाही नगरे अझैं ठूलो आन्दोलन हुने बताए । मेयर श्रेष्ठले भने, ' हामी प्रहरीले घटनामा संलग्नहरुलाई तत्काल पक्राउ गरी कारबाही गरोस् भन्नेमा छौं ।'




नेपाल कम्युनिष्ट पार्टी बहुमतले आफूमाथि लघुवित्तमार्फत गरिब जनतालाई उठिवास लगाएको, मिटरब्याजीहरुलाई संरक्षण गरेको, हटियाको करमा एक करोट ५२ लाख ब्रम्हलुट गरेको आरोप कपोकल्पित र झुटो भएको मेयर श्रेष्ठले पत्रकार सम्मेलनमा बताए ।

मेयर श्रेष्ठले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'म माथि गोलबजार १ मुक्सार बाटोको ६२ लाख हिनामिना गरेको, अवैधानिक तरिकाले नदीको दोहन गरेको, अन्याय पूर्ण तरिकाले नगरपालिकामा कार्यरत कर्मचारी हटाइएको र हाम्रा नेता कार्यकताविरुद्ध सुराकी गरेको आरोप मिथ्या हो ।'

मेयर श्रेष्ठले बजार ठेक्काको रकम, नदीबाट उठेको रकम नगरपालिकामा जम्मा नभएको र त्यसबारे आफूले पटक-पटक ताकेता र आवाज उठाउँदै आएको बताए ।

आफू मिटरब्याज पीडितको पक्षमा रहेको, अहिले नेपालमा कुनै पार्टी भूमिगत नभएको र उनीहरुप्रति सुराकी गर्न जरुरी नै नरहेको पनि मेयर श्रेष्ठले बताए ।

मेयर श्रेष्ठले नेपाल कम्युनिष्ट पार्टी बहुमतले लगाएको आरोप पार्टीका उच्च पदस्थ नेताहरुलाई प्रमाणित गरेर देखाउन चुनौती दिए। मेयर श्रेष्ठले भने, 'म पनि राजनीति गरेर आएकै व्यक्ति हुँ, उनीहरुले लगाएको कुनै एउटा आरोप सत्य सावित गरेर देखाउन उहाँहरुलाई मेरो चुनौती छ ।'

मेयर श्रेष्ठमाथि प्रमुख प्रशासकीय अधिकृतको कार्यकक्षबाट निस्किएर गाडी चढ्ने बेला एकजना अपरिचित व्यक्तिले केही कागजहरु दिएजस्तो गरिरहेकै बेलासँगै आएका अर्को व्यक्तिले कालो मोविल खन्यायका थिए ।

## जनादेश...

तयार पारेको छ । प्रधानमन्त्री प्रचण्डले गरेको यो विलम्ब र सत्ता भागबण्डाको राजनीतिले आम नागरिकमा भने निराशा बढेको छ । पूर्वराजा ज्ञानेन्द्र शाहको बढ्दो गतिविधि अनि प्रमुख दलहरुप्रति नागरिक आक्रोश त्यसैको प्रमाणका रुपमा लिन सकिन्छ। हुनत गत चुनावमै नागरिक निराशा प्रकट भएको थियो । राप्रपा र रास्वपाले अप्रत्यासित मत पाउनुलाई मूख्य दलकै नेताहरुले नागरिक निराशा र सन्देश भनेका थिए ।

## सरकारको...

कार्यक्रम तय गर्नका लागि कांग्रेसका रमेश लेखक, माओवादीका शक्ति बस्नेत, जसपाका राजेन्द्र श्रेष्ठ र एकीकृत समाजवादीका प्रमेश हमाल रहेको कार्यदल गठन गरिएको थियो । कार्यदलले तयार गरेको नीति तथा कार्यक्रम औपचारिक रुपमा सार्वजनिक गर्न भने बाँकी छ ।

## गुमनाम...

एक नेताले भने । उनले माओवादी छाडेर झनै बिल्लिबाँठ भएको चर्चा पनि गरेका छन् । पूर्वमाओवादी नेताहरू गुमनाम र भूमिकाविहीन अवस्थामा भएको भन्दै माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले सहकार्य गरेर अघि बढ्न अपिल पनि गरेका थिए । तर, उनीहरु अहिले दोधारको स्थितीमा एमालेमै गुमनाम रहेको चर्चा भईरहेको छ ।

## म्यानपावर...

कोषको कार्यक्रममा आफ्ना कर्मचारीलाई आवद्ध गर्ने प्रक्रिया कार्यान्वयन गर्न भनेको छ ।

सामाजिक सुरक्षा कोषलाई लोक कल्याणकारी अवधारणा अनुसार ल्याइएको हो । कोषमा रोजगारदाताको २० प्रतिशत र श्रमिकको १० प्रतिशत गरी श्रमिकको तलबको ३० प्रतिशत रकम मासिकरूपमा जम्मा गर्ने प्रावधान छ । त्यसमा सामाजिक सुरक्षा कोषका लागि १ प्रतिशत कर पनि थप गर्ने गरिएको छ ।

कोषमा आवद्ध हुने विषयमा लामो समय बैंकिङ क्षेत्रका रोजगारदाता मात्रै नभएर कर्मचारीहरू पनि असन्तुष्ट रहेका थिए । अधिकांश बैंक तथा वित्तीय संस्थाहरु कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषमा आवद्ध भएको र बैंकहरुले आफैंले अवकास कोष सञ्चालन गरेको भन्दै सामाजिक सुरक्षा कोषमा आवद्ध हुँदा दोहोरो पर्ने उनीहरूको भनाइ छ ।

उनीहरूले शुरूमा समाजिक सुरक्षा कोषमा जाँदा बैंकमै भएको अवकास कोषलाई के गर्ने भन्ने प्रश्न उठाएका थिए । तर कोषले कोष सञ्चालनको शुरूवातको नीति परिवर्तन गरेपछि भने केही बैंक कोषमा आवद्ध भएको कोषले बताएको छ ।

## जोशीको...

अध्ययन गरेका लेखकले नियमितरूपमा युवा र श्रम आप्रवासनका विषय उठाइरहेका छन् र उनका लेखरचना नेपालका राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन भइरहेका छन् ।

जोशी विभिन्न देशमा वैदेशिक रोजगारीको कठोर यथार्थ अनुभव गरेपछि पुस्तक लेख्न प्रेरित भएका हुन् । निजी व्यापार कम्पनी तमसका कार्यकारी निर्देशक जोशीको यसअघि 'मोडर्न बेली' (आधुनिक बेली) शीर्षक उपन्यास प्रकाशन भइसकेको छ ।

पब्लिकेसन्सका नेपाल प्रतिनिधि युयुत्सु आर डी शर्माले कृति लेखकको उत्तेजनापूर्ण जीवित अनुभव रहेको र यसलाई पढेपछि पाठक पनि राम्रोसँग निदाउन नसक्ने बताए । उनका अनुसार प्रस्तुत अनूदित कृतिमा मूल कृतिको मौलिकता, जीवन्तता र शक्ति कायमै छ ।

क्यानडामा बसोबास गर्दै आएका पत्रकार एवं अनुवादक बुढाथोकीका यसअघि 'एज' (किनारा) र प्रिजनर अफ एन आइप्याड (आइप्याडको बन्दी) शीर्षक कविता संग्रह र 'सेकेन्ड इन लभः शर्ट स्टोरिज' (प्रेममा दोस्रोः कथाहरू र 'गोइङ होम' घर जाँदै) शीर्षकका दुई कथा संग्रह प्रकाशन भइसकेका छन् ।

विशेषगरी अन्तर्राष्ट्रिय पत्रपत्रिकामा लेखरचना प्रकाशन गर्दै आएका बुढाथोकी अनूदित कृति नेपाली आप्रवासी कामदारहरूको प्रायःउपेक्षित अनुभवहरूलाई प्रकाश पार्ने काम भएको जानकारी दिए । उनले भने, 'मैले यो शक्तिशाली पुस्तक महामारीको प्रारम्भिक दिनमा अनुवाद गरेको हुँ, यसमा नेपाली आप्रवासी कामदारहरूले संसारभरि सामना गर्ने अन्याय र चुनौतीका बारेमा विश्वलाई बताउन पाउँदा म खुसी छु ।' पुस्तक अब अमेजन र निराला पब्लिकेसन्समा पेपरब्याक ढाँचामा उपलब्ध रहेको बताइएको छ ।

## आजदेखि...

सकिएको छ । एसइईका परीक्षा नियन्त्रक विष्णुनारायण श्रेष्ठले राष्ट्रिय परीक्षा बोर्ड परीक्षा नियन्त्रण कार्यालयको आयोजनामा सात प्रदेशका प्रदेश सरकारका शिक्षा हेर्ने मन्त्रालयका सचिवहरु, सातै प्रदेशका शिक्षा बिकास निर्देशनालयका निर्देशकहरु, ७७ वटै जिल्लाका शिक्षा बिकास तथा समन्वय इकाईका प्रमुखहरु, राष्ट्रिय परीक्षा बोर्डका प्रदेश र शाखा कार्यालयका प्रमुखहरु, बोर्डका अध्यक्ष, सदस्य सचिव, परीक्षा नियन्त्रण, उपनियन्त्रक कर्मचारी लगायतको व्यवस्था गरिएको छ ।

प्रत्येक प्रदेशमा प्रदेश सचिवको अध्यक्षतामा गठन भएका प्रदेश परीक्षा सञ्चालन तथा व्यवस्थापन समितिले बोर्डको निर्देशनको परिधिभित्र रहेर प्रदेश भित्रका परीक्षा सञ्चालन, व्यवस्थापन र अनुगमन गर्नेछन् ।

प्रत्येक जिल्लामा प्रमुख जिल्ला अधिकारी प्रमुख, शिक्षा विकास तथा समन्वय इकाइका प्रमुख सदस्य सचिव, जिल्लाका सुरक्षा निकायका प्रमुखहरुलगायत रहने गरी गठन गरिएको छ ।

एसइई परीक्षाका सहभागिता जनाउन यसवर्षका लागि परीक्षामा सहभागि हुन २०७८ मा कक्षा नौमा रजिस्ट्रेशन भर्ने विद्यार्थी पाँच लाख १६ हजार ५९१ जना रहे पनि कक्षा १० सम्म आइपुग्दा भने परीक्षाका लागि आवदेन दिनेमा कूल चार लाख ८४ हजार २२७ जनाले फारम भरेका थिए । परीक्षा नियन्त्रक श्रेष्ठका अनुसार कक्षा नौ बाट १० मा आउँदा ३२ हजार ३६४ विद्यार्थी घटेको छ ।

परीक्षामा सबैभन्दा धेरै बागमती प्रदेशमा एक लाख छ हजार नौ सय ५९ विद्यार्थी र सबैभन्दा कम कर्णाली प्रदेशमा ४१ हजार तीन सय २९ परीक्षार्थी सहभागी हुँदैछन् । प्राविधिक धारतर्फ करिब १५ हजार विद्यार्थी परीक्षामा सहभागी हुनेछन् । परीक्षामा संस्कृत विषय पढाइ हुने ६५ विद्यालयका दुई हजार नौ सय ८२ विद्यार्थी र ५० जना दृष्टिविहीन परीक्षामा सहभागी हुँदैछन् । यस वर्ष सात हजार दुई सय सामुदायिक र चार हजार पाँच सय ६४ संस्थागत गरी ११ हजार आठ सय २९ विद्यालय एसइईमा सहभागी हुँदैछन् । परीक्षाका लागि देशका ७७ जिल्लामा दुई हजार ३६ परीक्षा केन्द्र र जापानमा एक गरी कूल दुई हजार ३७ वटा परीक्षा केन्द्र निर्धारण गरिएको छ ।

कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
**प्रदेश अस्पताल**
वीरेन्द्रनगर, सुर्खेत

**बिद्युतिय बोलपत्र आव्हानको सूचना**

**प्रथम पटक प्रकासित मितिः २०७९।१२।१७ (31 March 2023)**

अस्पतालबाट चालु आ.ब. २०७९।८० मा निम्न खरिद कार्य बिद्युतिय बोलपत्र द्वारा खरिद गर्नु पर्ने भएकोले सम्बन्धित कार्यमा इजाजत पत्र प्राप्त फर्म वा कम्पनीले तोकिएको रकम तपसिलको खाता नं.मा वुझाई भौचर, इजाजतपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, आ.व.०७८।७९ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपिहरुको स्क्यान कपी संलग्न राखि तोकिएको मिति र समय भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट www.bolpatra.gov.np/egp बाट बोलपत्र डाउनलोड गरि तोकिएको मिति, समय भित्र बोलपत्र पेश गर्न यो सूचना प्रकासित गरिएको छ । बोलपत्र सम्बन्धी बिस्तृत जानकारी www.bolpatra.gov.np/egp मा राखिएको बोलपत्र र अस्पतालको सूचना पाटिमा टाँस गरिएको व्यहोरा जानकारी गराइन्छ ।

**तपसिलः**
**बैकको नाम** : राष्ट्रिय वाणिज्य बैंक, शाखा सुर्खेत
**कार्यालयको नाम** : प्रदेश अस्पताल, सुर्खेत — राजश्व नं. : १४२२९
**कार्यालय कोड** : ३५००२६८०३६ — खाता नं. : १०००१००२०१०१०००६

| IFB No. | Description | Last date of Bid Submission | Price of Bid Document. | Bid Security/ Type |
|---|---|---|---|---|
| PH/Karnali/ NCB- 28/079-80 | Procurement of Dialysis Commodities. | 2080/01/17, Before 12:00 noon. | 3000.00 | 55,500.00 Package |
| PH/Karnali/ NCB- 29/079-80 | Procurement of Medicine & Surgical Items for Aama Suraksha Program. | 2080/01/17, Before 12:00 noon. | 3000.00 | 1,21,500.00 Package. |
| PH/Karnali/ NCB- 30/079-80 | Procurement of Medicine & Surgical Items for SSU-Geriatric. | 2080/01/17, Before 12:00 noon. | 3000.00 | 1,14,000.00 Package. |

अस्पताल निर्देशक

**बहराइनमा रोजगार** | कम्पनी : ALMOYYED CONTRACTING GROUP
शहर : MANAMA

पूर्व स्वीकृत मितिः २०७८/०२/०६ चलानी नं.: ६०१५८४२८ LT. No.: 240486 पुनःविज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Secuity Guards | 39 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ४१,८२७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner | 27 | 0 | | 100 | ३४,८५६ | | | | | | | |

अन्तर्वार्ता होटेल रेड कार्पेट, चितवन, भरतपुरमा २०७९ चैत २५ गते (8 April 2023) मा हुनेछ ।
अन्तर्वार्ता सिपी होटल विर्तामोड झापामा २०७९ चैत २६ गते (9 April 2023) मा हुनेछ ।
अन्तर्वार्ता जनप्रिय थकाली भान्छा घर पोखरा, कास्कीमा २०७९ चैत २७ गते (10 April 2023) मा हुनेछ ।

**UAE मा रोजगारको अवसर** कम्पनी : Spider Access Cladding Works and Building Cleaning L.L.C.

पूर्व स्वीकृत मितिः २०७९/०९/१३ चलानी नं.: ६०१९३९८९ LT. No.: 278365 पुनःविज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Welding Supervisior | 19 | 0 | सम्बन्धित काममा दक्ष | 2000 | ७१,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Scaffolder - Supervisor | 9 | 0 | | 2000 | ७१,५८० | | | | | | | |
| 3. | Machine Operator Supervisor | 9 | 0 | | 2000 | ७१,५८० | | | | | | | |

**SAUDI मा रोजगारको अवसर** कम्पनी : JAL International Company Ltd.

पूर्व स्वीकृत मितिः २०२२/०२/१३ चलानी नं.: ६०१७४४४५ LT. No.: 257719 पुनःविज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Common Labor | 3 | 0 | स. काममा दक्ष | 1000 | ३५,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ चैत २४ गते (7 April 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

LINK INTERNATIONAL PLACEMENT SERVICE
Govt. Lic. No.: 821/066/067
**Link International Placement Service Pvt.ltd.**
ISO 9001 : 2015
Tokha-5, Basundhara, Kathmandu, Tel.: 01-4956654, 4955978
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६७/०५/१३ मा दर्ता भएको **प्रा.लि.नं. ७५५७३/०६७/०६८** को **एम.ए.डब्ल्यु रेडिमिक्स कंक्रिट प्रा.लि.**को मिति २०७९/१२/१६ को विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगानाः बबरमहल, काठमाडौं, फोन नं. ९८५१२१७००४**

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७३/०५/२३ मा दर्ता भएको **प्रा.लि. नं. १५५३८३** को **डिस्कभरी होलिडेज ट्राभल एन्ड टुर्स प्रा.लि**. नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**Invitation for Bids**

**MAKAWANPURGADHI RURAL MUNICIPALITY**
**OFFICE OF RURAL MUNICIPAL EXECUTIVE**
**MAKRANCHULI, MAKAWANPUR**
**Date of publication: 2079/12/17**

1. Makawanpurgadhi Rural Municipality invites electronic bids from eligible bidders for the construction of following works under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents by visiting PPMO e-GP system www.bolpatra.gov.np/egp. Bidder must submit their bid electronically from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the Project's Rajaswa (revenue) account as specified below.
3. **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: Nabil Bank Limited
   Account no.: ग.१-१ आन्तरिक राजश्व खाता नं 22101017500055
4. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egpon or before 12:00 on 2080/01/17. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 of 2080/01/17 at the office of Makawanpurgadhi Rural Municipality,makranchuli Makawanpur. Bids must be valid for a period of 120 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid,\amounting to a minimum of 1000000/-, which shall be valid for 30 days beyond the validity period of the bid

| S. N | Contract ID | PROJECT NAME | COST OF BIDDING DOCUMENT | Minimum Average Annual Construction Turnover (NRs) | Minimum Work experience of similar size and nature |
|---|---|---|---|---|---|
| 1 | 15/MGRM/ NCB/WORKS/ 2079-80 | CONSTRUCTION OF SARADA SCHOOL BUILDING | NRs 5000/- | 26Millions | one project of CONSTRUCTION OF RCC FRAME STRUCTURE SCHOOL BUILDING of cost NRs14Millions without VAT |

# जिल्लाबाटै पटके अनुमति




**राम खड्का/मध्यान्ह**
अर्घाखाँची, १६ चैत

अर्घाखाँचीका यातायात व्यवसायीलाई अब पटके अनुमतिको लागि भैरहवा धाउनुपर्ने बाध्यता हटेको छ। प्रदेश सरकारले घरेलु तथा साना उद्योग कार्यालय अर्घाखाँचीलाई अधिकार प्रत्यायोजन गरेसँगै अब यस्तो बाध्यता हटेको हो ।

उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय लुम्बिनी प्रदेशको चैत १ गतेको निर्णयअनुसार अब यातायात व्यवसायीहरुले सन्धीखर्कबाटै यो सेवा लिन पाउने घरेलु तथा साना उधोग कार्यालयका प्रमुख सन्तोष खनालले जानकारी दिए। यातायात व्यवस्था सेवा कार्यालय कपिलवस्तुबाट आवश्यक कागजात आएपछि सेवा शुरु गरिने खनालको भनाइ छ । जिल्लाबाटै पटके सेवा लिन मिल्ने भएपछि यातायात व्यवसायीहरुलाई सहज हुने भएको छ ।

अर्घाखाँचीमा पश्चिम नेपाल बस व्यवसायी प्रालि, देउराली यातायात व्यवसायी, लंका यातायात प्रालि, अर्घाखाँची ट्याक्सी यातायात व्यवसायीमा आवद्ध रही ४ सय ४६ सार्वजानिक यातायातका साधनहरु सञ्चालनमा रहेका छन्। जसअनुसार पश्चिम नेपाल बस व्यवसायी समितिमा दर्ता भएका बसहरु ८४, देउराली यातायातमा दर्ता भएका सवारी साधन १ सय ५०, अर्घाखाँची ट्याक्सी व्यासायीमा दर्ता भएर सञ्चालनमा रहेका सवारी १०० र लंका यातायात प्रालिमा दर्ता भएर सञ्चालनमा रहेका १ सय १२ सवारी साधन गरी जम्मा ४ सय ४६ सार्वजनिक तथा कालो नम्बर प्लेटका सवारी साधनहरु रहेका छन् ।

विभिन्न व्यापार व्यवसायहरुको दर्ता तथा निगरानी राख्दै आएको घरेलु तथा साना उद्योग कार्यालयले अबदेखि यातायात व्यवसाय अन्तर्गत पटके अनुमति सेवा पनि प्रदान गर्नेछ। पटके अनुमति सेवाको लागि जिल्ला बाहिर जानुपर्ने बाध्यता हटेपछि यातायात व्यवसायीहरु खुसी भएका छन् ।

# शवको पहिचान खुल्यो

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, १६ चैत



हुम्लाको चंखेली गाउँपालिकाको वडा ६ को मेल्छाम खोलामा भेटिएको वेवारिसे शवको सनाखत भएको छ । चैत १२ गते भेटिएको शवको पहिचान खुलेसँगै जिल्ला अस्पतालमा पोस्टमार्टम गरिएको छ।

प्रहरी र आफन्त मिलेर घटनास्थलबाट शवलाई जिल्ला अस्पताल ल्याएर बिहीबार पोस्टमार्टम गरिएको हो । शवलाई बिहीबार आफन्तको जिम्मा लगाइएको छ । जिल्ला अस्पताल हुम्लाका डाक्टर रोशन रावतले प्रहरी र आफन्त मिलेर बुधबार राति ल्याइएको शव रातिनै पोस्टमार्टम गरिएको बताए ।

मृतकको डिएनए परीक्षणसमेत गरिएको थियो । नदीमा भेटिएको शव रुकुम पूर्वको पुथा उत्तरगंगा गाउँपालिका- ६ को मयाङ गाउँका सञ्चार घर्तीमगर भएको प्रहरीले जनाएको छ। नदीमा माछा मार्न जाने क्रममा दुई जना युवाले नदीको बीचभागमा शव ढुंगामा अड्किएको अवस्थामा फेला परेका थिए । अनुहार नचिनिने भएपनि उनले लगाएको घडी, जुत्ता, माला र कपडाका आधारमा शवको पहिचान भएको थियो । मंसिर ८ गते घर्तीमगर बेपत्ता भएका थिए । घर्तीमगर बेपत्ता भएपछि प्रहरीले तीन जना पुरुष र एक जना चंखेली गाउँपालिकाकी कम्प्युटर अपरेटरलाई अनुसन्धानका लागि नियन्त्रणमा लिएर जिल्ला अदालतमा मुद्दा समेत दर्ता गरेको छ ।

## कुमारी बैंक लिमिटेड शाखा कार्यालय महादेवबेशी, धादिङको धितोमा रहेको सम्पत्ति पुनः लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०७९/१२/१७ गते मध्यान्ह दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय महादेवबेशी, धादिङबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्नु बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋणकर्जाहरुको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न पटक पटक धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन अर्थात मिति **२०७९ चैत्र २४ गते शुक्रबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय महादेवबेशी, धादिङमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ ।

**तपसिल**

**१. ऋणीको विवरण:**

द्यल बहादुर गुरुङको नातिनी, होम बहादुर गुरुङ/मन माया तामाङको छोरी, सोम बहादुर तामाङको पत्नी धादिङ जिल्ला, थाक्रे गा.पा. वडा नं. १० (साबिक धादिङ जिल्ला, केवलपुर गा.वि.स वडा नं. ०६) बस्ने **सोभा लक्ष्मी तामाङ** ना.प्र.नं. ७६३७, जारी मिति २०६०/०८/२६, जिल्ला प्रशासन कार्यालय, धादिङ ।

**व्यक्तिगत जमानीकर्ताहरुको विवरण:**

१. मेहर तामाङको नाति, अर्जुन तामाङ/काईली तामाङको छोरा, सोभा लक्ष्मी तामाङको पति, धादिङ जिल्ला, थाक्रे गा.पा. वडा नं. १० (साबिक धादिङ जिल्ला, केवलपुर गा.वि.स नं.०६) बस्ने **सोम बहादुर तामाङ** (ना.प्र.नं.४८५५, जारी मिति २०६०/०८/१८, जिल्ला प्रशासन कार्यालय, धादिङ) ।
२. अर्जुन तामाङ/काईली तामाङको नातिनी, सोम बहादुर तामाङ/सोभा लक्ष्मी तामाङको छोरी धादिङ जिल्ला, थाक्रे गा.पा. वडा नं. १० बस्ने **सुनिता तामाङ** (ना.प्र.नं. २६-०१-७६-०९६३९, जारी मिति २०७६/१०/१५, जिल्ला प्रशासन कार्यालय, धादिङ) ।
३. अर्जुन तामाङ/काईली तामाङको नाति, सोम बहादुर तामाङ/सोभा लक्ष्मी तामाङको छोरा धादिङ जिल्ला, थाक्रे गा.पा. वडा नं. १० बस्ने **सुरेश तामाङ** (ना.प्र.नं. २६-०१-७८-००७२०, जारी मिति २०७८/०४/१०, जिल्ला प्रशासन कार्यालय, धादिङ) ।

**लिलाम हुने सम्पत्तिको विवरण:**

१. **सोम बहादुर तामाङ**को नाममा मालपोत कार्यलय, धादिङमा दर्ता कायम रहेको धादिङ जिल्ला, केवलपुर गा.वि.स./न.पा. वडा नं. ६ स्थित कित्ता नं. १२० र १४ को क्षेत्रफल क्रमशः ३-०-०-० र १-२-१-२ (रोपनी) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

**शर्तबन्देजहरु**

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ (सातौं) दिन अर्थात **२०७९ चैत्र २३ गते** भित्र बैंकको शाखा कार्यालय महादेवबेशी, धादिङमा कार्यालय समय भित्र प्राप्त भईसक्नु पर्नेछ ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय महादेवबेशी, धादिङबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ, उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/ जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कवोल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमको धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन ।
४. यो सूचना प्रकाशित भएको मितिले ८ (आठौं) दिन अर्थात **२०७९ चैत्र २४ गते मध्यान्ह** १२:०० बजे देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा शाखा कार्यालय महादेवबेशी, धादिङमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ । बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिनमा बोलपत्र खोलिनेछ ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखीदिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कवोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय महादेवबेशी, धादिङमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन ।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ ।

**बोलपत्र खोलिने मिति २०७९ चैत्र २४ गते शुक्रबार मध्यान्ह १२:०० बजे**

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय महादेवबेशी, धादिङ फोन. नं. ०१०-४१५००३**




Build Up Nepal Engineering Pvt. Ltd. is a foreign investment company established by Foreign Investor under Nepalese Law with the objective to work for the Construction sector. This company requires highly motivated, and result oriented candidate:

**Position: 1**
**Duration: 1 Years**
**Desired Candidate Profile:**
- Minimum Bachelor Degree in mechanical engineering
- Minimum 4 years' experience working with CAD & mechanical engineering in multinational company.
- Speaking/Writing/Reporting Skills in English and German Language
- Energetic Candidate having age above 30 years of age.

**Job Responsibility:** Managerial role related to Mechanical engineering in relation with the business of the Company in Nepal.

**Note:** The position is based in Kathmandu Nepal. Nepali National shall be given priority for the given job.

**How to apply:**

Interested candidates should send their application, along with educational certificates, experience letters and updated resume at info@buildupnepal.com within 7 (Seven) days of the publication of this notice. Salary will not be constraint for the qualified and experienced candidate. Only shortlisted candidates will be called for the interview and no phone enquiries/reference will be entertained.

## साउदीमा रोजगार |

कम्पनी: SHAR TRANSPORT EST.
शहर : RIYADH

पूर्व स्वीकृत मितिः २०७९/१२/१५ चलानी नं.: ६०१९९०६२ LT. No.: 283692

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Machian Vechicl | 1 | 0 | स. काममा दक्ष | 1500 | ५२,५१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ चैत २४ गते (7 April 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**ALMIGHTY INTERNATIONAL**
MANPOWER SERVICES PVT. LTD.
Tokha-10, Kathmandu, Tel.: 01-5906717
EMAIL: almightynepal@gmail.com, info@aimsrecruitment.com
website: www.aimsrecruitment.com
Govt. Lic. No. 1440/074/075

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी: AL-MASSAHAT AL-KHADRA FOR CONTRACTING शहर : RIYADH

पूर्व स्वीकृत मितिः२०७९/१२/१६ चलानी नं.: ६०१९९०८४ LT. No.: 283736

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Vehicle Cleaner | 8 | 0 | स. काममा दक्ष | 1000 | ३५,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ चैत २७ गते (10 April 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Metta International Pvt. Ltd.**
सिनामंगल टावर, सिनामंगल चोक, काठमाडौं, फोनः ४१११२६९, ४१११२६७ Fax.: 4112978
Email- mettaint5@gmail.com,info@mettaint.com Web.: www.mettaint.com
श्रम इजाजत नं. ५३०/०६१/०६२

VALTRANS

कम्पनी: Valtrans Transportation Systems & Services LLC
शहर: UAE

पूर्व स्वीकृत मितिः २०७९/०५/०८ | चलानी नं.: ६०१८६०७७ | L.T. No.: 270227 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Driver ( Signal Operator) | 269 | 0 | स. काममा दक्ष | 1350 | ४८,३१७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ चैत २४ गते (7 April 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

